# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, साउन २८ गते, २०७५ साल (अतिरिक्ताङ्क १२

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. दो. अ. ८

**<u>प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "पदाधिकारी" भन्नाले प्रदेश नं. ५ प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, सभापति, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र दलको प्रमुख सचेतकलाई सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. ५ प्रदेश सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(घ) "विपक्षी दलको नेता" भन्नाले प्रदेश मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका देहाय बमोजिमका दलले संसदीय दलको नेताको रुपमा छानेको व्यक्ति सम्झनु पर्छः-

(१) प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एकभन्दा बढी दलको बराबर सदस्य भएमा ती दलले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा प्रदेश सभाका सबैभन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा प्रदेश सभाकासभामुखले तोकिदिएको दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट अर्को कुनै दलको सदस्य बढी भई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरीमा पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(ङ) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(च) "सचिवालय" भन्नाले प्रदेश नं. ५ प्रदेश सभाको सचिवालय सम्झनु पर्छ ।

(छ) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ ।

(ज) "सत्ता पक्षको सचेतक" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ ।

(झ) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ञ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(ट) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ ।

३. पारिश्रमिकः (१) पदाधिकारी र सदस्यले निर्वाचित भएको मिति देखि अनुसूची - १ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा निजलाई त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसंगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जिवीत नरहेमा त्यस्तो पारिश्रमिक निजसँग बस्ने निजको छोरा छोरीलाई दिइनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन ।

४. बैठक भत्ता तथा यातायात सुविधाः (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता तथा यातायात सुविधा बापत अनुसूची - १ बमोजिमको रकम पाउनेछन् ।

तर प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र भत्ता पाउनेछन् ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशनको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यले अनुसूची - १ बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस्तो दैनिक तथा भ्रमण भत्ता एक अधिवेशनमा एक पटक मात्र पाउनेछ ।

५. आवास सुविधाः (१) प्रदेश सरकारले सभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(२) प्रदेश सरकारले उपसभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(५) सभामुख र उपसभामुख बाहेकका अन्य पदाधिकारी तथा सदस्यले आवास सुविधा तथा फर्निचर बापत अनुसूची - १ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन् ।

(६) सभामुख र उपसभामुखले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. सवारी साधन तथा इन्धन सुविधाः (१) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, सभापति र विपक्षी दलको प्रमुख

सचेतकलाई चालक सहितको सवारी साधन एक र अनुसूची - १ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।

(४) यस दफा बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीले त्यस्तो सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछन् ।

७. बिजुली, धारा र सञ्चार सुविधाः पदाधिकारी र सदस्यलाई बिजुली, धारा र सञ्चार सुविधा बापत अनुसूची - १ बमोजिमको रकम दिइनेछ ।

८. निजी सचिवालय र स्वकीय कर्मचारीको व्यवस्थाः (१) आफ्नो कार्यकालको लागि पदाधिकारी र सदस्यले अनुसूची - २ मा उल्लेख भए बमोजिमको निजी सचिवालय र स्वकीय कर्मचारी सुविधा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको निजी सचिवालय बन्दोबस्तको लागि एक कार्यकालमा एक पटक फर्निचर वापत अनुसूची - १ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(३) पदाधिकारी र दलको नेतालाई निजी सचिवालयको बन्दोबस्तको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(४) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सभापति र दलको नेतालाई अतिथि

सत्कारको लागि अनुसूची - २ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

९. दैनिक तथा भ्रमण भत्ताः प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची - १ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१०. बीमा सुविधाः पदाधिकारी र सदस्यलाई सरकारी कामको सिलसिलामा भ्रमण गर्दा दश लाख रुपैयाँ बराबरको बीमा सुविधा दिइनेछ ।

११. उपचार सुविधाः (१) पदाधिकारी र सदस्यलाई सचिवालयमा सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एक जना चिकित्सकको निःशुल्क सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले नेपाल भित्रका अस्पतालमा भर्ना भई उपचार गर्नु पर्ने भनी सिफारिस गरेको पदाधिकारी वा सदस्यले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्च सचिवालयले व्यहोर्नेछ ।

तर सभामुख, उपसभामुख र विपक्षी दलको नेताको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन् ।

(३) उपदफा (२) बमोजिमको उपचार खर्च बापतको रकम सचिवालयले पदाधिकारी वा सदस्य भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ ।

१२. दृष्टिविहिन र अशक्त पदाधिकारी तथा सदस्यलाई विशेष सुविधाः (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई जानकारी दिएमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एक जना सहयोगी राख्न दिइनेछ ।

तर त्यस्तो सहयोगी बैठक कक्षमा बस्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः-

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१३. बिल भरपाई पेश गर्नु पर्नेः पदाधिकारी वा सदस्यले पहिलो पटक प्रदेश सभाको अधिवेशनमा आउँदाको हवाइ जहाज वा बसको टिकट बापत भएको खर्चको बिल भरपाई पेश गर्नु पर्नेछ ।

१४. रकम भुक्तानीः पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम सचिवालयबाट बैंक मार्फत पाउनेछन् ।

१५. सुविधा नपाउनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर वा कुनै फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा

कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा सुविधा पाउने छैन ।

तर निजको निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाई पाएमा सुविधा रोक्का भएको मिति देखि पारिश्रमिक तथा सुविधा पाउनेछ।

१६. पारिश्रमिक वा निवृत्तिभरण रोजी लिन पाउनेः सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले यस ऐन बमोजिमको पारिश्रमिक वा निवृत्तिभरण मध्ये कुनै एक रोजी लिन पाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तिभरण प्रदान गर्ने प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।

१७. सुरक्षाको व्यवस्थाः सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१८. बचाउः यो ऐन प्रारम्भ हुनुभन्दा अघि गरिएका काम कारवाही यस ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९. अनुसूचीमा हेरफेर गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची—१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (३) र (५) दफा ६को उपदफा (१), दफा ७, दफा ८ को उपदफा (२) र दफा ९सँग सम्बन्धित)

### पदाधिकारी तथा सदस्यको सुविधा

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | विपक्षी दलको नेता | सत्ता पक्षको प्रमुख सचेतक र सभापति | विपक्षी दलको प्रमुख सचेतक/सत्ता पक्षको सचेतक/दलको प्रमुख सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५३,०००।- | ५०,०००।- | ५०,०००।- | ४८,०००।- | ४८,०००।- | ४५,०००।- |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | – | – | १५,०००।- | १५,०००।- | १५,०००।- | १५,०००।- |
| ४ | फर्निचर खर्च (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ट रु. | – | – | ४५,०००।- | ४५,०००।- | ४५,०००।- | ४५,०००।- |
| ५ | सवारी इन्धन | प्रति महिना लिटर | २०० | १५० | १५० | १५० | १५० (विपक्षी दलको प्रमुख सचेतकलाई मात्र) | – |
| ६ | मोविल | त्रैमासिक लिटर | १० | १० | १० | १० | १० (विपक्षी दलको प्रमुख सचेतकलाई मात्र) | – |
| ७ | बिजुली, धारा | प्रति महिना रु. | बिल अनुसार | बिल अनुसार | १५००।- | १५००।- | १५००।- | १५००।- |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | विल अनुसार | २०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ९ | आन्तरिक भ्रमण खर्च | प्रति दिन रु. | २५००।- | २०००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| *१० | वैदेशिक भ्रमण खर्च | अमेरिकी डलर | २२५।- | १७५- | १७५।- | १७५।- | १७५।- | १७५।- |
| ११ | यातायात सुविधा (बैठक बसेको दिनमा मात्र) | रु. | – | – | – | – | – | ५००।- |

द्रष्टव्यः

१. सरकारी आवासमा बस्ने उपसभामुखलाई बिजुली धारा खर्च वापत बिल अनुसार तर निजी आवासमा बसेमा मासिक रुपमा रु. १,५००।- भुक्तानी दिइनेछ ।

२. सत्तापक्षको सचेतक र दलको प्रमुख सचेतकलाई मासिक यातायात खर्च वापत रु. १५,०००।- उपलब्ध गराइनेछ ।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागिः

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

२. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ ।

७. पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।

८. भ्रमण सम्बन्धी थप व्यवस्थाः

(क) जिल्ला भ्रमण गर्नु पूर्व सभामुखबाट स्विकृति लिनु पर्ने ।

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने।

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने ।

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने ।

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने ।

अनुसूची - २

(दफा ८ को उपदफा (१), (३) र (४) सँग सम्बन्धित)

## निजी सचिवालय र स्वकीय कर्मचारी सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | सभामुख | विपक्षी दलको नेता | उपसभामुख | सत्ता पक्षको प्रमुख सचेतक/विपक्षी दलको प्रमुख सचेतक | सभापति | दलका नेता | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प.द्वितीय श्रेणी वा सो सरह) | जना | १ | – | – | – | – | – | – |
| २ | स्वकीय सचिव (रा.प.तृतीय) श्रेणी वा सो सरह) | जना | – | १ | १ | – | – | – | – |
| ३ | प्रेस संयोजक (रा.प.तृतीय श्रेणी वा सो सरह) | जना | १ | – | – | – | – | – | – |
| ४ | स्वकीय सहायक (कम्प्युटर | जना | १ | – | – | – | – | – | – |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अपरेटर, रा.प.अनं.प्रथम श्रेणी वा सो सरह) | | | | | | | | |
| ५ | स्वकीय सचिव (रा.प.अनं.प्रथम श्रेणी वा सो सरह) | जना | – | – | – | १ | १ | १ | १ |
| ६ | ह.स.चा. ( प्रथम स्तर) | जना | १ | १ | १ | १ | १ | – | – |
| ७ | स्वकीय सहयोगी (कार्यालय सहयोगी प्रथम सरह) | जना | १ | १ | १ | १ | १ | – | – |
| ८ | निजी सचिवालयको बन्दोबस्त | प्रति महिना रु. | २,०००।- | १,७५०।- | १,७५०।- | १,७५०।- | १,७५०।- | १,२००।- | – |
| ९ | अतिथि सत्कार | प्रति महिना रु. | १०,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- | – |

द्रष्टव्यः

१. स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केल अनुसारको तलवमात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको वैंक खातामा उपलब्ध गराइनेछ ।

प्रमाणीकरण मितिः २०७५/०४/२८

**आज्ञाले,**
**डा. मान बहादुर वीके**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय